# बेनीघाट रोराङ ग्रामीण खानेपानी व्यवस्थापन बोर्ड
## बेनीघाट रोराङ गाउँपालिका, धादिङ
## बागमती प्रदेश, नेपाल

पान नम्बर : २०१८७३४६१

## सेवा करारमा कर्मचारी लिने सम्बन्धी दरखास्त आव्हानको सूचना ।

*(प्रथम पटक सूचना प्रकाशित मिति: २०८०/११/२९)*

वेनीघाट रोराङ ग्रामीण खानेपानी व्यवस्थापन वोर्डको करारमा कर्मचारी व्यवस्थापन सम्वन्धी कार्यविधि २०७९ वमोजिम वोर्डमा आवश्यक देहायको सङ्ख्या र योग्यता भएका कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा दरखास्त फारम दस्तुर बुझाएको सक्कल रसिद सहित दरखास्त दिनुहुन सम्वन्धित सवैका लागि यो सूचना प्रकाशन गरिएको छ । आवेदन फाराम खानेपानी वोर्डको कार्यालय वेनीघाट रोराङ वडा नम्वर ७, चरौंदी तथा वेनीघाट रोराङ गाउँपालिकाको वेवसाइट https://www.benighatrorangmun.gov.np वाट प्राप्त गर्न सकिने छ ।

**तपशिल:**

| क्र. सं. | विज्ञापन नम्वर | किसिम | पद/तह | माग पद संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|
| १. | ०३/०८०/८१ | खुल्ला | प्लम्वर (सामुदायिक प्राविधिक) | १ जना (एक) | ➢ एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी मान्यता प्राप्त संस्थावाट प्लम्बिङ विषयमा कम्तिमा तीन महिनाको तालिम प्राप्त वा टी.एस.ई.ई मा कम्तीमा सी ग्रेड प्राप्त गरेको ।<br>➢ सम्वन्धित विषयमा कम्तिमा २ वर्षको कार्यानुभव भएको । | मौखिक अर्न्तवार्ता र प्रयोगात्मक |

**प्रयोगात्मक र मौखिक परीक्षा कार्यक्रम तालिका :** परीक्षा मिति र स्थान अर्को सूचनामा प्रकाशन गरिनेछ ।

**दरखास्त दिने विधि :** उम्मेदवारको वायोडाटा (व्यक्तिगत विवरण) सहित सूचनामा माग गरिए वमोजिमका सम्पूर्ण आवश्यक कागजात संलग्न गरी कार्यालयमा स्वयम् उपस्थित भई, हुलाक अथवा ईमेल benighatrorang.rwsmb@gmail.com मार्फत दरखास्त दिन सकिने छ । म्याद नाघि आएका वा रीत पुरा नगरेका निवेदनहरु उपर कुनै कार्यवाही हुने छैन ।

**दरखास्त दस्तुर :** रु. ४००/- रुपैंया मात्र

**दस्तुर बुझाउने विधि :**

**खाताको विवरण:** *BENIGHAT RORANG GRAMIN KHANEPANI B RAJASWA KHATA*

**खाता नं.:** *२८६०२५०४१३२००००६*

**बैंकको नाम:** *कुमारी बैंक लि.*

मा जम्मा गरेको सक्कल भौचर अथवा Online Payment गरेको खण्डमा दस्तुर जम्मा गरेको निस्सा दरखास्त फाराम साथ समावेश गर्नुपर्ने छ ।

| | |
|---|---|
| **दरखास्त दस्तुर बुझाउने अवधि :** | २०८०, चैत्र ०५ गते कार्यालय समयभित्र । यदि दरखास्त बुझाउने दिन सार्वजनिक बिदा भएमा बिदा लगतै कार्यालय खुल्ने दिन कार्यालय समय भित्र। |
| **संलग्न गर्नुपर्ने कागजातहरु :** | उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, ३ प्रति पासपोर्ट साईजको फोटो, अनुभवको प्रमाणित प्रतिलिपि सहित पेस गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंमले दस्तखत गरी पेश गर्नुपर्ने छ । |
| **उम्मेदवारको उमेरको हद :-** | मिति २०८०/१२/०५ गते सम्म १८ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको । |
| **तलब :** | बोर्डको नियमानुसार, |
| **अन्य आवश्यक न्यूनतम योग्यता :** | १. नेपाली नागरिक,<br>२. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको,<br>३. हाल कुनै पनि राजनैतिक दलको पद धारण नगरेको,<br>४. खानेपानी सरसफाइ र स्वच्छता (WASH), खानेपानी व्यवस्थापन र सुशासन सम्वन्धी ज्ञान भएको,<br>५. खानेपानी तथा सरसफाइ क्षेत्र वा प्लम्बिङ क्षेत्रमा २ (दुई) वर्षको कार्यानुभव हासिल गरेको । |

***नोट:*** *सफल उम्मेदवारहरुलाई सुरुमा ३ (तीन) महिनाको नियुक्ति दिइने छ र कार्य सम्पादन मूल्याङ्कनको आधारमा सेवा अवधि थप गर्न सकिनेछ ।*

संयोजक
पदपूर्ति समिति



CamScanner